शैक्षिक वर्ष २०२६

# जापानी भाषा कक्षा निर्देशिका

स्थापित विद्यालय

## इताबाशी नगरपालिकीय शिनगाशी प्राथमिक विद्यालय

〒175-0081
१-३-१ शिनगाशी, इटाबाशी-कु, टोकियो
फोन: 03-3936-8521
फ्याक्स: 03-3934-1766

यो कक्षा यस्ता बालबालिकाहरूको लागि हो (※इताबाशी वडाका सार्वजनिक प्राथमिक विद्यालयमा नाम दर्ता हुनु आवश्यक छ)

・विदेशबाट जापान आएका र पहिलो पटक जापानी भाषा सिक्न लागेका बालबालिका

・विदेशमा बसेका र जापान फर्किएको केही समयमै जापानी भाषा तथा पाठ्यपुस्तकका विषयहरू बुझ्न चाहने बालबालिका

जसले सामान्य कुराकानी जापानी भाषामा गर्न सक्ने भए पनि अध्ययनमा प्रयोग हुने जापानीमा अझै कठिनाइ भएको बालबालिका

कक्षाको विशेषता

① यो कक्षा छुट्टै समय मिलाएर सञ्चालन गरिन्छ।

・ विद्यार्थी आफ्नो नियमित कक्षामा नाम दर्ता नै हुन्छ, तर तोकिएको हप्ता र समयअनुसार यस कक्षामा पढ्न आउँछ।

・ यदि अन्य विद्यालयबाट आउनुपर्छ भने, अभिभावकले लिएर आउनु–लैजानु आवश्यक हुन्छ।

・ विद्यार्थीको मूल कक्षामा उपस्थित भएको रूपमा गणना गरिन्छ।

② व्यक्तिगत वा सानो समूहमा पढाइ गरिन्छ।

・ प्रत्येक विद्यार्थीको लागि छुट्टै शैक्षिक योजना बनाएर अनुकूल शिक्षा दिइन्छ।

・ सामान्यतः एक–एक गरी पढाइ गरिन्छ, तर आवश्यक परे समूहमा पनि सिकाइ हुन्छ।

・ बालबालिकाको रुचि, स्तर र विकासलाई ध्यानमा राखी जापानी भाषा सिकाउने तरिका अपनाइन्छ।

③ विद्यालयबीचको समन्वयलाई महत्त्व दिइन्छ।

・ बालबालिकाले सहज रूपमा विद्यालय जीवन बिताउन सकून् भनेर मूल विद्यालयसँग मिलेर काम गरिन्छ।

・ प्रत्येक महिनाको पढाइको अवस्था र बालबालिकाको व्यवहारबारे मुख्य कक्षाको शिक्षकलाई जानकारी दिइन्छ।

・ गर्मी बिदाको वरिपरि मूल विद्यालयमै गएर विद्यार्थीको व्यवहार हेर्ने र शिक्षकसँग कुराकानी गर्ने अवसर बनाइन्छ।

・ हरेक कक्षाको जानकारी अभिभावकलाई पनि दिइने व्यवस्था हुन्छ।

・ प्रत्येक त्रैमासिकको अन्त्यमा पढाइको विवरण तयार गरी अभिभावक र मूल विद्यालयका शिक्षकलाई दिइन्छ।

④ एकअर्काको संस्कृति बुझ्न र सम्मान गर्न सिकाइन्छ।

・ जापानी संस्कृतिको अनुभव गर्न र आ–आफ्नो देशको संस्कृतिबारे बताउने मौका दिइन्छ, जसले एक–अर्काको संस्कृतिप्रति आदरको भावना विकास गर्छ।

※ विशेष सहायता कक्षा (Tsukyu) सामान्यतया हप्तामा एक पटक २ घण्टाको हुन्छ। साथै, यो कक्षाको अवधि सामान्यतया २ वर्षको हुन्छ।

हामी यस प्रकारको मार्गदर्शन प्रदान गर्दछौं।

【कक्षाको शिक्षा उद्देश्य】

① दैनिक जीवनमा संवाद गर्न र विद्यालयको कक्षा बुझ्न आवश्यक पर्ने

जापानी भाषा सीपहरू (बोल्ने, सुन्ने, लेख्ने, पढ्ने, शब्दको ज्ञान र बुझाइ) को विकास गरिन्छ।

② जापानको विद्यालय र दैनिकीका बानीहरू तथा जापानी संस्कृतिलाई बुझेर यहाँको जीवनशैलीमा अभ्यस्त बनाइन्छ।

③ जापान र आफ्नै देश दुबैको संस्कृति बुझ्ने र आदर गर्ने भावना विकास गरिन्छ।

【पढाइको विषयवस्तु】

① अभिवादन तथा दैनिकीमा चाहिने सामान्य जापानी शब्दहरू सिकाइन्छ।

(जस्तै)

- **健康で衛生的な生活を送る → 「おなか／頭がいたいです」 など**
- **安全な生活を送る → 「危ない」「だめ」「赤は止まれ（信号）」など**
- **周囲の仲間との関係をつくる → 「ありがとう」「これ、かして」「いいよ」「まって」など**
- **学校の生活を円滑に送る → 教科名、場所、学校生活で特に必要な表現など**
- **あいさつ、返事、自己紹介など**

② जापानी भाषा आधार → अक्षर, वाक्य संरचना आदि आधारभूत ज्ञान र सीप सिकाइन्छ।

उच्चारण, अक्षर लेखाइ, शब्दावली र वाक्य संरचनाको अभ्यास गराइन्छ।

③ पाठ्यपुस्तक पढाइमा सहयोग → अध्ययन भाषाको प्रयोग र विषयवस्तु बुझाइमा सहायता गरिन्छ।

मुख्य रूपमा जापानी भाषा (कोकुगो) पढाइन्छ, तर आवश्यक परे गणित वा सामाजिक विषयहरू पनि अन्य विषयहरू पनि पढाइमा समेट्न सकिन्छ।


मूल भाषा वा सजिलो जापानीमा अनुवाद गर्दै विद्यार्थीअनुसार मिलाएर पढाइ गरिन्छ।

समय तालिका सम्बन्धमा — तलको नियम आधारित छ, तर मुख्य विद्यालयको तालिका अनुसार परामर्श गरेर मिलाइन्छ।

जापानी भाषा कक्षाको समय तालिका【सोमबार–शुक्रबार】

| | सोमबार–शुक्रबार |
|---|---|
| | अन्य विद्यालयबाट आउने विद्यार्थीहरूको लागि |
| पहिलो पिरियड | 8：45 ～ 9：30 |
| दोस्रो पिरियड | 9：35 ～ 10：20 |
| तेस्रो पिरियड | 10：35 ～ 11：20 |
| चौथो पिरियड | 11：25 ～ 12：10 |
| पाँचौँ पिरियड | 13：30 ～ 14：15 |
| छैटौँ पिरियड | 14：20 ～ 15：05 |

विशेष सहायता कक्षा (Tsukyu) को प्रक्रिया





① कक्षामा सहभागी हुनको लागि अनुरोध
आफ्नो मुख्य विद्यालयका प्रधानाध्यापकमार्फत "सहभागी अनुरोध" गर्नुपर्छ।
त्यसपछि, शिनगाशी प्राथमिक विद्यालयमा अन्तर्वार्ताको मिति र समय बारे मुख्य विद्यालयबाट जानकारी आउँछ।
② तोकिएको मितिमा शिनगाशी प्राथमिक विद्यालयमा गएर अन्तर्वार्ता दिनुपर्छ।
विद्यार्थीको जापानी भाषा स्तर बुझ्न अभिभावक मात्र होइन, विद्यार्थी पनि अनिवार्य रूपमा उपस्थित हुनुपर्छ।
निणर्य भएको विवरण मुख्य शिक्षक र अभिभावक दुबैलाई जानकारी दिइन्छ।
कक्षामा जानु अघि ध्यान दिनुपर्ने कुरा

विशेष सहायता कक्षा (Tsukyu) मा ध्यान दिनुपर्ने कुराहरू

- जापानी भाषा कक्षाको पढाइ निःशुल्क छ (कुनै शुल्क लाग्दैन)।
- सहायता पाएका विद्यार्थीले कक्षामा आउँदा लाग्ने यात्रा खर्च पहिला तिर्नुपर्छ तर पछि फिर्ता पाइन्छ।
- तर अभिभावकको यात्रा खर्च भने आफ्नै बोझ हुनेछ।
- टिफिन (स्कूल लंच) भने आफ्नै मूल विद्यालयमै खानुपर्छ।
- विशेष कक्षा छुटाउने भएमा, मुख्य विद्यालय र शिनगाशी प्राथमिक विद्यालय दुबैलाई खबर गर्नुपर्छ।
- कक्षामा आउँदा-जाँदा विद्यार्थीको सुरक्षाको जिम्मा अभिभावककै हुन्छ।

(अभिभावक वा उनी सट्टाको व्यक्ति विद्यार्थीलाई साथ दिँदै ल्याउने–लैजाने गर्नु पर्छ।)

शिनगाशी प्राथमिक विद्यालय जाने बाटो




・तोएई मिता लाइनको ताकाशिमादाइरा स्टेशनबाट पैदल १२ मिनेट
・साइक्यो लाइनको उकिमाफुनाडो स्टेशनबाट "टोबु-नेरिमा स्टेशन जाने" बस चढेर "शिनगाशी तोएई जुताकु" मा ओर्लिएपछि पैदल १ मिनेट ।